# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, असोज १० गते २०४० साल (संख्या २४

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकार तथा अन्तर्राष्ट्रिय विकास संस्थाको बीचमा भएको ऋण सम्झौता अन्तर्गत रसुवा-नुवाकोट एकीकृत ग्रामीण विकास परियोजनाको कार्यक्रम सञ्चालन गर्न दुग्ध विकास संस्थानको प्रयोगको लागि जापानबाट आयात हुने जापानी मुद्रा यान ३७,९७,६००।– बराबरको टोयोटा पिकअप डिजेल च्यासीस थान दुई (२) को आयातमा लाग्ने भन्सार महसूल एक प्रतिशत मात्र लिने र बिक्रीकर पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी चीन सरकारको अनुदान सहायतामा पुनःनिर्माण भैरहेको बान्हबिसे कोदारी राजमार्गको कामको लागि आयात गर्ने निम्नलिखित विवरणको सामानहरूको आयातमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

सामानको विवरण

(१) सिमेण्ट ।

(२) मेशीनको जगेडा पार्टपूर्जा ।

(३) डिजेल ।

(४) इलेक्ट्रोनिक सामानहरू ।

(५) मेशीन टुल्स ।

(६) केबुलद्वारा सञ्चालन हुने क्रेन (स्टील टावर केबुल व्हाइसट, पुल्ली ब्लकसमेत)।

(७) वायर रोप ।

(८) बुल्डोजरको जगेडा पार्टपूर्जा ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी पूर्णचण्डी प्राथमिक आवासीय विद्यालय, पूर्णचण्डी, ललितपुरले जर्मन नागरिकसंग खरीद गरेको कार्ने नं. ४००, ४७५ को भक्स वाइगल मिनिबसमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

252

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) ले दिएको अधिकार प्रयोग गरी निकासी प्रवर्धनको उद्देश्यले निकासी गरिएका कलात्मक रूपमा तयार गरिएका काठका सामान (झ्याल ढोका समेत) मा लाग्ने भन्सार महसूल पूर्णरूपमा छुट दिने मिति २०४०।५।५ मा निर्णय गरेको ले यो सूचना प्रकाशित गरिएको ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी संयुक्त राष्ट्र बाल कोषले बहिरा बालकको विद्यालयको लागि अनुदानमा उपलब्ध गराउने अमेरिकी डलर १२,८७४।८८ मूल्य बराबरको जापानमा निर्मित टोयोटा मिनिबसको आयातमा लाग्ने भन्सार महसूल तथा बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।